**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं.४०३

**पुनरावेदन नं. ०७४-RB-००८४**

**मुद्दाः– मूल्य अभिवृद्धि कर (२०६८/०६९)।**

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. ६, बौद्धस्थित तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (स्थायी लेखा नं. ३०००५२६३७) को तर्फबाट ऐ.को अधिकार प्राप्त विकास अग्रवाल.......................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................... १ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु कार्यालयको निर्णय मितिः–२०७२।०२।२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७२।०२।२२ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय

दिएको सूचनाको जानकारी हालसम्म नआएकोले आन्तरिक राजस्व विभागलाई सूचना दिई यो पुनरावेदन पश गरेको भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको र यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका होटल सम्बन्धि कारोवार गर्ने करदाता श्री तारागाउँ रिजेन्सी होटेल लिमिटेड काठमाडौको आर्थिक वर्ष २०६८।०६९ को मूल्य अभिबृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भई पेश भएको प्रतिवेदन समेतको आधारमा मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर, थप दस्तुर, ब्याज र जरिवाना समेत जम्मा रु १०,४५,१८१।- कर असूल गर्नुपर्ने देखिएको भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०२।०६ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. करदाताले कार्यालयको च.नं ९४६ को पत्र मार्फत पठाइएको उक्त प्रारम्भिक कर निर्धारण आदेश मिति २०७२/०२/०८ मा बुझी सोको म्यादभित्र करदाताले मिति २०७२।०२।२० मा लिखित जवाफ पेश गरेको।

३. कार्यालयको मिति २०७२।०२।०६ को प्रारम्भिक कर निर्धारण आदेशमा संसोधन गर्नु पर्ने देखिएन। अतः प्रस्तुत करतदाताको आ. व. २०६८/०६९ को लागि कार्यालयबाट करदाताका नाममा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै मू.अ.कर रू.५,४७,८६४।-मू.अ.कर. ऐन २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९.(१क) अनुसार जरिवाना रू.१,०९,५७३।- दफा १९ को थप दस्तुर रू.१,५४,९०२।- र दफा २६ को ब्याज रू.२,३२,८४२।- समेत जम्मा रु.१०,४५,१८१।- को मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने ठर्हछ भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०२।२२ मा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, ललितपुरले आ.व. २०६८।०६९ को मिति २०७२।०२।२२ मा जारी गरेको मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री तारागाउं रिजेन्सी होटल्स लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२।०४।२१ द.नं. १५५९ मा आन्तरिक राजस्व विभागमा निवेदन दिएको।

५. निवेदकले आफुले दिएको निवेदनमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णय भएको जानकारी प्राप्त नभएकाले सोही दफाको उपदफा (५) बमोजिम राजस्व न्यायाधिकरण, काठमाण्डौमा पुनरावेदन गर्न जाने ब्यहोराको जानकारी निवेदकले यस विभागमा

मिति २०७५।०४।३१ दर्ता नं. १७०१ को निवेदनबाट गराएको फाइलसाथ संलग्न निवेदनबाट देखिन्छ। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) मा निवेदन दर्ता भएको ६० दिनभित्र विभागले निवेदन उपर निर्णय दिनुपर्ने र सोही दफाको उपदफा (५) मा उपदफा (४) बमोजिमको म्यादभित्र बिभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनसक्ने ब्यबस्था रहेको छ। ऐनको उपरोक्त ब्यबस्था बमोजिम निवेदकले यस विभागमा दर्ता गराएको निवेदनबाट आफुले बिभागमा दर्ता गराएको प्रशासकीय पुनरावलोकनको निर्णयको सूचना प्राप्त नगरेको हुंदा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न जाने ब्यहोरा जानकारी गराएको हुंदा प्रस्तुत निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन निवेदनको लगतबाट कट्टा गर्ने भनी आन्तरिक राजस्व विभागबाट मिति २०७५।०५।०८ मा भएको टिप्पणी र आदेश।

६. पुनरावेदक तारागाउँ रिजेन्सी होटल्स लि.ले दैनिककार्य अवधिमा कार्यरत कर्मचारीहरुलाई उत्साहित गर्नको लागि एक छाकको खाना कार्यालयको भान्छामा उपलब्ध गराएको व्यहोरा अवगत गराउदछौं। यसरी यस कम्पनीले आफनो व्यापारलाई प्रवर्द्धन गर्नको लागि कर्मचारी Motivation वापत गरेको खर्चमा तिरेको मू.अ.कर ऐनको दफा १७ (१) वमोजिम कट्टीगर्न पाउने भएकोले उल्लेखित दफाको अधिनमा रही गरिएको तथा भएको मू.अ.कर कट्टी दावी गरिएको हुनाले उक्त मू.अ.कर वापतको कर कट्टी दावी पाउनु पर्ने हुन्छ। यस विषयमा तहाँ कार्यालयवाट भएको पुर्व निर्णयहरु श्री रा.न्या. काठमाण्डौं बाट मिति २०७०।११।१३ को निर्णयबाट बदर भैसकेको अवस्थामा तहाँ कार्यालयको उल्लेखित जिकिर स्वतः कानून प्रतिकुल रहेको स्थापित हुन्छ। उपरोक्त जिकिर तथा संलग्न प्रमाणका आधारमा विपक्षी कार्यालयको कार्य प्रत्यक्ष रुपमा त्रुटिपुर्ण तथा अन्यायिक भएको स्थापित रहेकोले विपक्षी कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो सम्वन्धि निर्णय पर्चा बदर गरी आवाञ्छित कर दायित्व, शुल्क, जरिवानाबाट मुक्त गरी न्याय निसाफ गरी पाँउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७४।०७।१३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।१६ मा भएको आदेश।

८. यसमा पुनरावेदक करदाताको तर्फबाट विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले काठमाडौ बाहिर रहेको कारण देखाई पेसी स्थगनको निवेदन पठाउनु भएकोले आजको सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा अन्तिम पटकको लागि स्थगित गरिदिएको छ। प्रस्तुत मुद्दा र लगाउका मुद्दा समेत ५ वर्ष पुरानो भईसकेको हुँदा अर्को पेसीमा सुनुवाईको सुनिश्चितताको लागि सबै मुद्दामा १५ दिनभित्र दुवै पक्षबाट लिखित बहस नोट पेश गर्न लगाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१२।१३ मा भएको आदेश।

९. करदाताले Employee Restaurant Food Cost शिर्षक अन्तरगत रु.२,३८,०६,७२२।- खर्च देखाएको मध्ये रु.४२,१४,३३८।- को मू. अ. कर लाग्ने वस्तु खरिद गरी होटलमा कार्यरत कर्मचारीहरुको सामुहिक खानामा self-consumption गरेको देखिएको, सो मूल्यको वस्तुमा मू.अ.कर क्रेडिट समेत लिइसकेको, सो रकममा करदाताले मू.अ.कर वीजक जारी गरी असूल गरेको नदेखिएको, आन्तरिक राजस्व विभागको मिति २०५६/१२/१३ को परिपत्र बमोजिम त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरुको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने भन्ने व्यवस्था भएको हुनाले माथि विवेचित तथ्य एवं कानूनी आधारबाट ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२/०२/२२ मा भएको मू.अ.कर तर्फको अन्तिम कर निर्धारणको निर्णय मिलेको हुँदा सदर गरी पाउँ भनी प्रत्यर्थी कार्यालयको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमान्डौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०७९/१२/२१ मा यस न्यायाधिकरण पेश गर्नुभएको लिखित बहस नोट।

१०. कम्पनीले आफैले सामान खरिद गरी गर्ने गराउने निमार्ण कार्यमा ऐनको दफा ८(३) आकर्षित हुँदैन। करदाताले कर्मचारी Motivation वापत तिरेको मूल्य अभिवृद्धि कर दफा १७(१) बमोजिम कट्टी गर्न पाउने नै हुन्छ। त्यसैले विवेचित तथ्य एवं कानूनी आधारबाट ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२/०२/२२ मा भएको मू.अ.कर तर्फको अन्तिम कर निर्धारणको निर्णय मिलेको नहुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक तर्फका विद्वान अधिवक्ता श्री क्षेतेन लामाले मिति २०८०।०१।१७ मा पेश गरेको लिखित बहसनोट।

११. प्रस्तुत मुद्दा र लगाउका मुद्दाहरुमा पुनरावेदक करदाताको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णको शुरुवाती बहस सकिएको भएपनि प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ताको बहस बाँकी रहेकोले अब सुनुवाई सम्पन्न गर्न आज समयको अभाव भएको हुँदा प्रस्तुत मुद्दा हेर्दाहेर्दैमा राखिदिएको छ। मिति २०८०।२।८ गते सोमबारको पेसीमा चढाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०८०।२।१ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१२. नियम बमोजिम हेर्दाहेर्दैमा राखी आजको दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले ठूला करदाता कार्यालय हरिहरभवनबाट पुनरावेदक करदाताको हकमा भएको आ.व. २०६८।६९ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर तर्फको

अन्तिम कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१३. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फवाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको हकमा भएको आ.व. २०६८।६९ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. पुनरावेदक करदाताले पुनरावेदन पत्रमा लिएको जिकिर हेर्दा, एकमात्र जिकिर करदाताले होटलमा कार्यरत कर्मचारीलाई उपलब्ध गराएको खाना वापत भएको खर्चमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी अमान्य गरेको विषयसँग सम्बन्धित देखिन आयो। करदाताले उक्त खर्च कर्मचारीलाई काममा उत्प्रेरित गर्नको लागि दिएकोले त्यस्तोमा तिरेको मूल्य अभिवृद्धिकर कट्टी गर्न पाउनु पर्ने भन्ने जिकिर लिएको पाइन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को खण्ड (क) मा "नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा समेत मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको र सोही ऐनको दफा १४ ले प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनु पर्नेछ" भन्ने व्यवस्था समेत गरेको पाइन्छ। करदाताले Employee Restaurant Food Cost शिर्षक अन्तरगत जम्मा रु.२,३८,०६,७२२।- खर्च देखाएको देखिन्छ भने सो मध्ये रु.४२,१४,३३८।—को मू. अ. कर लाग्ने वस्तु खरिद गरी होटलमा कार्यरत कर्मचारीहरूको सामूहिक खानामा Self Consumption गरेको देखिएको र सो मूल्यको वस्तुमा मूल्य अभिबृद्धि कर क्रेडिट समेत लिइसकेको अवस्था हुँदा सो रकममा करदाताले मूल्य अभिबृद्धि कर असूल गरेको नदेखिएको हुदा आन्तरिक राजस्व विभागको मिति २०५६।१२।१३ को परिपत्र बमोजिम त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरूको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने भन्ने व्यवस्था भएकोले रु.४२,१४,३३८।—को १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रू.५,४७,८६४।- मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम अन्तिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशतले हुने जरीवाना समेत गर्ने गरी ठूला करदाता कार्यालयबाट अन्तिम कर निर्धारण भएको देखिन्छ।

१५. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (१) मा दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। करदाताले यो आ.व. २०६८।६९ मा रु. ४२,१४,३३८। - बराबरको मूल्य अभिवृद्धि कर लाग्ने बस्तु होटलमा कार्यरत कर्मचारीहरुको सामूहिक खानामा Self Consumption गरेको हुँदा त्यस्तो बस्तुको खरिदमा करदाताले मूल्य अभिवृद्धि कर तिरेको भए पनि त्यस्तो बस्तुबाट तयार खाना विक्री गरी मूल्य अभिवृद्धि कर नउठाएको हुँदा त्यस्तो

मूल्य अभिवृद्धि कर नै नउठाए बराबरको बस्तु खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता लिनु कानून सम्मत देखिन आउँदैन। यस अवस्थामा कानून विपरीत मूल्य अभिवृद्धि कर कट्टी लिएको पुष्टि भएको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम अन्तिम कर निर्धारण गरेको निर्णयलाई अन्यथा भन्न मिलेन ।

१६. तसर्थः माथि विवेचित आधार र कारणबाट करदाता श्री तारागाउँ रिजेन्सी होटेल्स लि. (स्थायी लेखा नं. ३०००५२६३७) को आ.व.२०६८/०६९ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७२/२/२२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नु।

## तपसील खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय ललितपुरमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री भिष्म भट्टराई
कम्प्युटर टाईप गर्नेः-श्री मनिषा अधिकारी
ईति सम्वत् २०८० साल जेष्ठ ८ गते रोज २ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप